प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ६९ ॥ २०८१ वैशाख ०४ गते मंगलबार (16th Apr 2024 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# सहारा पत्रकार उपचार कोषमा पुग्यो एक करोड



बिर्तामोड(प्रस) । नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको सहारा पत्रकार उपचार कोषमा १ करोड रुपैयाँ पुगेको छ । करोडको उपचार कोषको घोषणा गर्दै कोषमा सहयोग गर्ने दर्जनौं दाता सम्मानित भएका छन् ।

नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा सोमबार झापाको बिर्तामोडमा एक कार्यक्रम आयोजना गरी महासंघको झापा शाखाले उपचार कोषमा १ करोड १ लाख ११ हजार १११ रुपैयाँ पुगेको घोषणा गरेको हो । सहारा नेपालले पाँच लाख रुपैयाँ सहयोग गरेर सुरु भएको कोषमा पत्रकार महासंघ झापा शाखाका सदस्यहरु, विभिन्न संस्था तथा व्यक्तिहरुले सहयोग गरेका छन्। उक्त अवसरमा कोषमा सहयोग गर्ने दातालाई झापा शाखाले सम्मान गरेको छ ।

दाताहरूलाई कार्यक्रमका प्रमुख अतिथि पूर्व राष्ट्रपति डा. यादव र नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीले सम्मानपत्र प्रदान गरेका थिए। कोषको रकमबाट पत्रकारहरू घाइते तथा बिरामी हुँदा महासंघले नगद सहयोग गर्दै आएको छ। त्यस्तै महिला पत्रकारहरु सुत्केरी हुँदा समेत सहयोग गर्ने गरेको अध्यक्ष गिरीले बताए । कोषको ब्याजबाट प्राप्त आम्दानीले पत्रकारहरूलाई सहयोग गर्ने गरेको र थुप्रै पत्रकारहरुले कोषबाट लाभ प्राप्त गरिसकेको अध्यक्ष गिरीले जानकारी दिए। पत्रकार महासंघ झापाका तत्कालीन अध्यक्ष भीम नेम्वाङको कार्यकालमा २०७३ पुस १६ गते सहारा पत्रकार उपचार कोषको अवधारणा शुरु भएको थियो ।

तत्कालीन समयमा पत्रकार महासंघको कोषबाट चार लाख र सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको ५ लाखसहित जम्मा ९ लाखबाट शुरु भएको कोष आठ वर्षमा करोड पुर्याइएको पत्रकार महासंघ झापाका अध्यक्ष गिरीले जानकारी दिए । नेम्वाङपछिका अध्यक्ष तारामणि सापकोटाले पनि कोष निर्माणका लागि आर्थिक संकलन अभियान गरेका थिए । गिरी अध्यक्ष भएपछि कोषका लागि आक्रामक ढंगवाट अभियान शुरु गरी तीन वर्षभित्रै ६० लाख बढी रकम जुटाइएको हो । उनका अनुसार कोषमा पत्रकारहरुले जनही तीन हजार जम्मा गरेका छन् भने अधिकांश रकम दाताहरुबाट जुटेको हो । झापामा पत्रकारको संख्या दुईसय बढी छ । कोषको व्यवस्थित सञ्चालनका लागि कार्यविधि निर्माण गरिएको छ भने कोष वृद्धिका लागि समिति गठन गरिएको थियो । सोही कार्यक्रममा पत्रकार महासंघ झापा शाखाको स्तर वृद्धि गरिएको भवनको डिजिटल उद्घाटनसमेत गरिएको थियो।

कार्यक्रममा सहारा नेपाल साकोसका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार , कोशी प्रदेशका पूर्व मुख्यमन्त्रीहरु हिक्मतकुमार कार्की र उद्धव थापा तथा नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष बिपुल पोखरेलले शुभकामना मन्तव्य राखेका थिए। महासंघ झापा शाखाका अध्यक्ष गिरीको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीहरूलाई सचिव डिकेश लामाले स्वागत गरेका थिए भने कार्यक्रम सञ्चालन उपाध्यक्ष केशव भट्टराईले गरेका थिए।

# राजमार्गका रुख काटिँदा अजिङ्गर तितरबितर



झापा(प्रस) ।पूर्व-पश्चिम राजमार्गको काँकडभिट्टा-लौकही चार लेन सडक विस्तारका क्रममा रुख कटानपछि बासस्थान मासिँदा त्यहाँ आश्रित पन्छी, सरीसृप, तथा वन्यजन्तु तितरबितर भएका छन् । सँगै दुर्लभ वनस्पतिसमेत मासिएको भन्दै संरक्षणकर्मी चिन्तित बनेका छन् । गत फागुन दोस्रो सातादेखि राजमार्गका रुख तथा बोटविरुवा काट्ने काम सुरु भएको थियो । त्यसको करिब महिना दिनपछि गत चैत २० मा मेचीनगर-७ सतिघट्टा चिया बगान क्षेत्रमा एउटा अजिङ्गर स्थानीयले फेला पारे ।

करिब ९ फिट लामो सर्प देखेपछि स्थानीयले उद्धारकर्मीहरुलाई खबर गरेका थिए । लगत्तै संरक्षणकर्मीहरू शंकर लुइँटेल, देवेन खरेल, सन्दीप लुइँटेल र मुन्ना कार्की घटनास्थल पुगे । उनीहरूले अजिङ्गर उद्धार गरी पाँचपोखरी सामुदायिक वनमा छाडिदिए । 'एकछिन ढिलो पुगेको भए केही स्थानीयले अजिङ्गर मार्ने सम्भावना थियो,' उद्धारकर्मी सन्दीप लुइँटेलले सुनाए,'ढुंगामुढा हान्न सुरु भएको रहेछ । समयमै उद्धार भएपछि अजिङ्गरको ज्यान बच्यो ।'

चैत २४ मा मेचीनगर-४ आमडाँगी क्षेत्रमा त्यसैगरी स्थानीयले अर्को अजिङ्गर देखे । संरक्षणकर्मीसहितको स्थानीय टोलीले ५ फिट लामो अजिङगर उद्धार गरी तेलपानी सामुदायिक वन क्षेत्रमा छाडिदियो । ३० चैतमा पुनः राजमार्गको रुख कटान क्षेत्रमै तेस्रो अजिङ्गर फेला पर्यो । मेचीनगर-७ जोरसिमलको फेला परेको ७ फिटको अजिङ्गरलाई पनि उसैगरी सीमसार क्षेत्रमा छाडियो ।

सडक स्तरोन्नतिका नाममा राजमार्ग आसपासका वर्षौं पुराना रुख काटिँदा वर्षौंदेखि त्यहाँ आश्रित अजिङ्गर ज्यान जोगाउन तितरवितर भएको संरक्षणकर्मी बताउँछन् । संरक्षणकर्मी शंकर लुइँटेलले भने,'जब रुख काट्न सुरु भयो, अजिङ्गर ज्यान जोगाउन कोही उत्तरतिर त कोही दक्षिणतिर लागेको देखियो ।'

अजिंगर प्रायः घना जंगल र ओसिलो (सीमसार) जमिनमा बस्न रुचाउँछ । रूखको ठूला-ठूला मुढा, टोड्का र सुकेका

❖ बाँकी अन्तिम पृष्ठमा

# कोशीमा मुख्यमन्त्री हटाउन संकल्प प्रस्ताव दर्ता



झापा(प्रस)। कोशी प्रदेशका मुख्यमन्त्री हटाउन सत्ता गठबन्धनका दुई घटक एमाले र माओवादी केन्द्रले सोमवार प्रदेशसभा सचिवालयमा संकल्प प्रस्ताव दर्ता गराएका छन् । प्रदेश सभामा यी दुई दलले समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेका छन् । उनलाई विश्वासको मत माग्न निर्देशन दिन प्रदेशसभा सचिवालयमा संकल्प प्रस्ताव दर्ता गराइएको एमाले कोशीका प्रमुख सचेतक रेवतीरमण घिमिरेले जनाए। प्रस्तावको प्रस्तावक एमाले प्रमुख सचेतक भण्डारी छन् भने समर्थकमा एमाले सांसद किशोरचन्द्र दुलाल र माओवादी केन्द्रका सांसद गणेश उप्रेती छन् । प्रस्तावमा मुख्यमन्त्री कार्कीले २५ वैशाखभित्र विश्वासको मत लिनुपर्ने उल्लेख छ।

एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीको नेतृत्वमा वैकल्पिक सरकार बनाउने कुरा पनि प्रस्तावमा उल्लेख गरिएको छ । कोशीमा किचलो सुरु भएपछि प्रदेश प्रमुख पर्शुराम खापुङले यही बैशाख ६ गते विशेष अधिवेशन आह्वान गरिसकेका छन् ।

## पेट्रोलियम पदार्थको मूल्य प्रतिलिटर ३ रुपैयाँले बढ्यो



झापा(प्रस)। पेट्रोलियम पदार्थको मूल्य बढेको छ । नेपाल आयल निगमले इन्डियन आयल कर्पोरेसनले तोकेको नयाँ खरिद मूल्यअनुसार मूल्य समायोजन गर्दा सोमबार राति १२ बजेपछि लागू हुने गरी पेट्रोल, डिजेल तथा मट्टितेलमा प्रति लिटर ३ रुपैयाँले बृद्धि भएको जनाएको छ ।

निगमका अनुसार अब काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य १७८ रुपैयाँ प्रतिलिटर पर्नेछ भने डिजेल र मट्टितेल १६१ रुपैयाँ पर्नेछ ।

# कनकाई नहरमा डुबेर बालकको मृत्यु



झापा(प्रस)। झापाको कनकाई सिँचाइ आयोजनाको नहरमा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा शिवसताक्षी नगरपालिका- १० निवासी ओमबहादुर बस्नेतका १२ वर्षीय छोरा विवेक बस्नेत रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । शिवसताक्षी-७ स्थितमा कनकाई नहरको साईफन जालीमा अड्किएको अवस्थामा बालकको शव फेला परेको थियो । मृतक बालकको शवलाई कानुनी प्रक्रिया पुरा गरी पोस्टमार्टमको लागि मोरङको मङ्गलवारे अस्पताल पठाइएको छ । घटनाको बारेमा इलाका प्रहरी कार्यालय झिलझिलेले अनुसन्धान गरिरहेको जनाइएको छ ।

# मोटरसाइकल चोरी गर्ने युवक पक्राउ



झापा(प्रस)। झापाको कचनकवलबाट मोटरसाइकल चोरी गर्ने एक युवक पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय राजगढले चोरीको मोटरसाइकलसहित मोरङ उर्लाबारी नगरपालिका-५ का ३० वर्षीय दीपक मर्दीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । यही चैत २८ गते कचनकवल गाउँपालिका-१ घेरावारीका ६० वर्षीय नरेन्द्र चोङवाङको प्रदेश ०१-०१-०१३ प ६२८१ नम्बरको सुपर स्प्लेण्डर मोटरसाइकल चोरी गरेर मर्दी फरार भएका थिए । उनलाई प्रहरीले आइतबार दिउँसो कनकाई नगरपालिका २ स्थित सेल्फी डाँडाबाट पक्राउ गरेको हो । मोटरसाइकलसहित पक्राउ परेका मर्दीलाई जिल्ला प्रहरी कार्यालय झापामा राखेर अनुसन्धान गरिरहेको जनाइएको छ ।

अव तपाईहरूकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरू संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरू : ( बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि )

| क्र.स. | संचालनमा रहेका तालिमहरू | अवधि |
|---|---|---|
| १. | केयर गिभर (Care Giver) | ३९० घण्टा |
| २. | सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist) | ४२० घण्टा |
| ३. | परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker) | ३९० घण्टा |
| ४. | शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant) | ४९० घण्टा |



अन्य थप जानकारीको लागि :-

विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# गिरीलाई कारवाही गर्न एमालेले माग



झापा(प्रस)। नेकपा (एमाले) कोशी प्रदेश कमिटी सदस्य तथा जिल्ला समन्वय समिति झापाका पूर्व प्रमुख सोमनाथ पोर्तेलमाथि जातीय भेदभाव तथा अपमान गरेको भन्दै हल्दिबारी गाउँपालिकाका पूर्व उपाध्यक्ष डम्बरबहादुर गिरीलाई कडाभन्दा कडा कारवाही गर्न एमालेले माग गरेको छ । नेकपा एमाले जिल्ला कमिटी झापाका सचिव तुलसी कार्कीले एक प्रेस विज्ञप्ति जारी गरी कानुनी रुपमा बर्जित गरिएका उदण्ड र विध्वंस मच्चाउन खोज्ने उच्छृंखल गतिविधि साथै जातीय भेदभाव तथा छुवाछूतजन्य घटनाको खेद व्यक्त गर्दै दोषीलाई तत्काल कानुनी दायरामा ल्याई कडाभन्दा कडा कारवाही गर्न सम्बन्धित पक्षसंग जोडदार माग गरेका हुन् । विज्ञप्तिमा गिरीले दिएको विभेदजन्य अभिव्यक्तिले नेपाली समाजको सद्भावलाई खलबल्याउन दुरुत्साहन गरेको ठहर गरी नेपालको संविधान, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन २०६८ अनुसार कार्वाही गर्न माग गरिएको छ ।

पूर्व उपाध्यक्ष गिरीलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिइसकेको छ । उनीविरुद्ध जातीय भेदभाव तथा अपमानसम्बन्धी व्यवहार कसुरमा जाहेरी दर्ता भएको थियो । जिल्ला समन्वय समिति झापाका पूर्व प्रमुख पोर्तेलले गिरीविरुद्ध इप्रका बिर्तामोडमा गत चैत २८ गते जाहेरी दिएका थिए । सोही जाहेरीका आधारमा प्रहरीले गिरीलाई शनिवार साँझ बिर्तामोडबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता कृष्णकुमार चन्दले जानकारी दिए । पूर्व उपाध्यक्ष गिरीले जिसस झापाका पूर्व प्रमुख पोर्तेललाई टेलिफोन संवादमार्फत जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन २०६८ आकर्षण हुने गरी अभिव्यक्ति दिएको आरोप लागेको हो ।

चैत १८ गते हल्दिबारीमा पार्टीको बैठक सकेर फर्किएका पोर्तेललाई गिरीले फोनबाट गालीगलौज गर्दै जातीय विभेद, अपमान हुने गरी अभिव्यक्ति दिएको बताइएको छ । दलित अधिकारको क्षेत्रमा नेतृत्व गर्ने पोर्तेललाई फोनमार्फत जातको आधारमा अपमान र विभेद गर्ने गिरीलाई कानुनी कारबाही गर्न झापाका दलित संघ संगठनहरुले पनि संयुक्त रुपमा अपिल गरेका थिए ।

नेपाल दलित संघका सभापति दल बहादुर विश्वकर्मा, मुक्ति समाज झापाका अध्यक्ष तिलक गजमेर, नेपाल दलित मुक्ति मोर्चाका अध्यक्ष सूर्यबहादुर विश्वकर्मा (सुरेश), कोशी प्रदेश सदस्य कुमार ठटाल, राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित उत्थान संगठन झापाका अध्यक्ष रमेश विश्वकर्मा, दलित जागरण अभियान केन्द्रका अध्यक्ष छविलाल विश्वकर्मा र ओरिफ नेपालको उपाध्यक्ष निरु परियारले संयुक्त विज्ञप्ति जारी गर्दै कारबाहीको माग गरेका छन् । पोर्तेल नेपाल उत्पीडित जातीय मुक्ति समाज केन्द्रीय सचिव पनि हुन् ।

## आगलागीमा परी दुई बालबालिकाको मृत्यु



झापा(प्रस)। अछाममा आगलागी हुँदा दुईजना बालबालिकाको मृत्यु भएको छ। मेल्लेख गाउँपालिका ६ षोडशामा छानामा आगलागी हुँदा दुईजना बालबालिकाको मृत्यु भएको हो ।

आगलागीमा परी दीपक बोहराकी छोरी अन्दाजी ८ वर्षीया भावना बोहरा र रमेश बोहराका छोरा अन्दाजी ६ वर्षीय गोपाल बोहराको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अछामले जनाएको छ ।

सोमबार बिहान ९:५५ बजे खरले छाएको छानामा अचानक सल्केको आगोमा परी बालबालिकाको मृत्यु भएको जिल्ला प्रहरी प्रमुख डीएसपी सन्तोष पाठकले जानकारी दिए । घटनाबारे अनुसन्धानका लागि मेल्लेख प्रहरी चौकीबाट प्रहरी सहायक निरीक्षक नरेन्द्रबहादुर खड्काको नेतृत्वमा टोली खटिएको डीएसपी पाठकले बताए ।

## राजमार्गका...

पातमा पनि लुकेर बस्छ । कहिलेकाहीँ नदी र ठूला पोखरीआसपास घाँसे मैदानमा पनि भेटिन्छ । 'रुख काट्दा अजिङ्गरको बासस्थान पनि मासिएको छ,' लुइँटेलले थपे,' त्यही भएर अजिङ्गर ज्यान बचाउन तितरबितर भएका हुन् ।' झापाको जलथल, चारआलीलगायतका क्षेत्र अजिङ्गरको मुख्य बासस्थान हो । कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार काँकडभिट्टा-लौकहीसम्मको १ सय २० किलोमिटर लामो सडक स्तरोन्नति हुँदैछ । सहरी क्षेत्रमा सर्भिस लेनसहित ५० मिटर, अर्धसहरी क्षेत्रमा ३३ मिटर र वन क्षेत्रमा २४ मिटर चौडामा सडक विस्तार गरिँदैछ । त्यस क्रममा १२ हजारभन्दा बढी रुख कार्टिँदै छ ।

चरा तथा वन्यजन्तु खोजकर्ता देवेन्द्र खरेलका अनुसार रुख कटानपछि वर्षौं पुराना रुख र त्यसका टोड्काहरूमा आश्रित विभिन्न प्रजातिका सयौं चराचुरुङ्गी विस्थापित भएका छन् । खोजकर्ता खरेलका अनुसार मेचीनगर क्षेत्र करिब ३ सय ३७ प्रजातिका चराचुरुङ्गीको बासस्थान हो । त्यसमध्ये भुँडीफोर गडुल, तीन थरिका बकुल्ला, जलेवा, कर्रा सावरीजस्ता चराको बासस्थान हो । राजमार्गआसपासका रुखलाई तिनले बासस्थान बनाएका थिए । विकास निर्माणका काम अगाडि बढाउँदा पर्यावरणलाई पनि ख्याल गर्नुपर्ने खरेलको भनाइ छ । उनले थपे,'विकासका नाममा राजमार्ग त बन्दै छ । सँगसँगै यसले पर्यावरणलाई ध्वस्त मात्रै पारेको छैन, चरा, पशुपन्छी र जंगली जनावरलाई लखेट्ने काम भएको छ ।'

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : अजय कार्की

बिर्तामोड नगरपालिका -८ नं वडा कार्यालय परिवार

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रवन्धक शंकर शाह अध्यक्ष - कृष्णप्रसाद केवरत

श्री पिछडा उत्थान कृषि सहकारी संस्था लि.

झापा गाउँपालिका वडा - २ , झापा वजार

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अभिभावक शिक्षक संघ अध्यक्ष: साजेमान शेख अध्यक्ष: कलाम शेख

प्रधानाध्यापक :- विरेन्द्रप्रसाद गुप्ता

श्री डिल्लीराज माध्यमिक विद्यालय

झापा गाउँपालिका वडा - ४ , टाँघनडुब्बा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौ ।

अध्यक्ष : भवानी दंगाल

हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि. परिवार

बिर्तामोड, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : किशोरकुमार पौडेल

बिर्तामोड नगरपालिका -२ नं वडा कार्यालय परिवार

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : दुर्योधन गरुङ

बिर्तामोड नगरपालिका -१० नं वडा कार्यालय परिवार

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : राहुलकुमार शर्मा

बिर्तामोड नगरपालिका -४ नं वडा कार्यालय परिवार

### मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## सधियारका नाममा जारी १५ दिने सूचना

मिति : २०८०-११-१६

मेचीनगर नगरपालिका वडा नं. ७ बस्ने श्री तेज कुमारी घिमिरेले निजका नाममा दर्ता कायम रहेको साविक मेचीनगर १२ हाल मेचीनगर न.पा. वडा नं. ७ स्थित सृजना टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ८०९ क्षेत्रफल ०-०-१० जग्गामा तपशिलमा भए बमोजिम पूर्व तर्फका सधियार श्री बलराम पाठकमिति २०८०/१२/२८ मा साँध सधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिन भित्र साँध, सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदी कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयमा कुनै उजुर वाजुर पर्न नआएमा तपशिलमा उल्लेख भए बमोजिम को घर नक्सा पास भइ जाने व्यहोर सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| जग्गाको विवरण | घरको विवरण | सधियार |
|---|---|---|
| साविक: मेचीनगर १२<br>हाल मेचीनगर ०७<br>कि.नं. २४३१<br>क्षेत्रफल : ३२२ व.मि. | लम्बाई : १०७५०<br>चौडाई : ९८००<br>उचाई : ९१५८<br>क्षेत्रफल: २२ ९.९२ व.मि. | पूर्व : बाटो<br>पश्चिम: श्री बलराम पाठक<br>उत्तर : श्री सिता निरौला<br>दक्षिण : बाटो |

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

(प्रकाशित मिति प्रकाशित मिति २०८१/०१/०४)

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट अुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसुचिमा समावेश गरी असुल उपर हुन बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनबमोजिम असुलउपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते बिवरण | कर्जाको प्रकार | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| **क) शाखा कार्यालय: बिराटचोक** | | | |
| १ | **ऋणी/धितो जमानीकर्ता:** : गंगा प्रसाद लुइटेलको नाती, पदम लाल लुइटेलको छोरा, नागरिकता बमोजिम मोरङ्ग जिल्ला, लेटाङ न.पा. वडा नं ०६, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा वडा नं ०८, बस्ने मिति २०७७/०४/१३ मा जिल्ला प्रशासन कार्यालय मोरङ्गवाट जारी गरिएको ना.प्र.नं ०५-०२-७७-००२७९ भएको बर्ष ६६ को **चुडामणी लुइटेल** ।<br>**व्यक्तिगत जमानीकर्ता:**<br>नाम : गोमा देवी लुइटेल<br>बाबु : गंगाधर घिमिरे<br>पति : चुडामणी लुइटेल<br>ना.प्र.नं : १६०२/७९ (भोजपुर)<br>ठेगाना : भोजपुर जिल्ला लेखर्क गाउपञ्चायत वडा नं ०५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला सुन्दरहरैचा न.पा वडा नं ०८ बस्ने । | **व्यक्तिगत ओ.डि.कर्जा र आवाशकर्जा** | चुडमिर्णी लुइटेलको नाममा मालपोत कार्यालय बेलबारी मोरङमा, दर्ता कायम रहेको मोरङ जिल्ला बयरबन गा.वि.स. वडा नं. १ स्थित कि.नं. २०९ को क्षेत्रफल ०-१७-७.५ (बि.क.धु.) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>चुडामणी लुइटेलको नाममा मालपोत कार्यालय इनरुवा सुनसरीमा, दर्ता कायम रहेको सुनसरी जिल्ला हांसपोसा गा.वि.स. वडा नं. १ स्थित कि.नं. ३६३० र ३६३२ को क्षेत्रफल क्रमश: ०-०-४.५-० र ०-०-४-० (बि.क.धु.क.) (८३२ वर्ग फिटको घर) र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**शर्तहरु:-**

1. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
2. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
3. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
4. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
5. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
6. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
7. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
8. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
9. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
10. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
11. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धराटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

## सम्पादकीय

# गठबन्धनको भविष्य

नेकपा एमाले–माओवादी केन्द्रसहितको नयाँ सत्ता गठबन्धन बनेको डेढ महिना पनि पूरा भएको छैन । तर, गठबन्धनभित्र खटपट शुरु भइसकेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने गृहमन्त्री बनेपछि काम गर्न नसकेको पुष्पकमल दाहाल नेतृत्वको सरकार सहज रुपमा संचालन हुन सकिरहेको छैन । त्यही अवस्थामा सत्ता साझेदार एकीकृत समाजवादीसंग पुरानो रिसिबी फेरि बल्झिन थालेको छ । सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री नपाएको झोंकमा नेकपा एकीकृत समाजवादीले कांग्रेससमेतको समर्थनमा मुख्यमन्त्री दाबी गरेका नागरिक उन्मुक्तिका लक्ष्मणकिशोर चौधरीलाई सघाउने अडानलाई कायम राखेको छ । विगतको सहमति कार्यान्वयन नहुने हो भने सत्ता समीकरणमा बसिरहनुको औचित्य नहुने समाजवादीको चेतावनी छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीले नागरिक उन्मुक्ति पार्टी (रञ्जिता श्रेष्ठ) पक्षका कैलाश चौधरीलाई मुख्यमन्त्री दावी गर्न सघाएर आफ्नो दललाई मुख्यमन्त्री दिने सहमतिको उल्लंघन गरेको एकीकृत समाजवादीले जनाएको छ । सो पार्टीको सोमबार काठमाडौंमा उपलब्ध के□ीय सचिवालय सदस्यहरुको बैठकमा अध्यक्ष माधवकुमार नेपालले ओली र दाहालले सहमतिको उल्लंघन गरेको जानकारी गराएका थिए । उनले वाग्मती प्रदेशमा माओवादीको नेतृत्वमा सरकार गठन गर्ने बेला सुदूरपश्चिममा एकीकृत समाजवादीलाई दिने सहमति भएको उल्लेख गर्दै सुदूरपश्चिम सरकारमा मुख्यमन्त्री पार्टीको बटमलाइन भएको बताएका थिए । सचिवालय सदस्यहरुले सत्ता समीकरणमा भएको सहमति अनुसार एकीकृत समाजवादीलाई कुनै पनि पद नदिने हो भने सहकार्यमाथि आशंका उत्पन्न हुने बताएका थिए । उनीहरुले एमाले अध्यक्ष ओलीको दवावका कारण सुदूरपश्चिमका मुख्यमन्त्री आफ्नो दललाई नदिएको दावी गरे । ओलीको कारण दाहालले पनि उन्मुक्ति रञ्जिता श्रेष्ठ पक्षका कैलाश चौधरीलाई समर्थन गरेको नेताहरुले बताएका छन् ।

समाजवादीको सचिवालय बैठकले तत्काल सुदूरपश्चिमको आफ्नो अडानलाई कायम राख्ने निष्कर्ष निकालेको छ । सो पार्टीका उपाध्यक्ष बेदुराम भुसालले गठबन्धनमा सहमति गर्दै जाने, तर कार्यान्वयन नगर्ने प्रवृत्तिले सहकार्यमा प्रश्न उठ्ने बताए । समाजवादीको अडानले सत्ता समीकरणमा तर□ ल्याएको छ । उता उन्मुक्तिको 'घर झगडा' का कारण उत्पन्न संकटलाई समाधान गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल गृहकार्य थालेका छन् । सुदूरपश्चिमको ५२ सदस्यीय प्रदेशसभामा कांग्रेस १८, माओवादी के□ ११, एमाले १०, उन्मुक्ति पार्टी ७, एकीकृत समाजवादी ४, राप्रपा र १, १ सिट छ । नागरिक उन्मुक्तिमा रञ्जिताको पक्षमा २ र रेशम पक्षमा ५ सांसद विभाजित छन् । राष्ट्रिय सभा उपाध्यक्ष आफूलाई दिन ओली र दाहाल सुरुमा सकरात्मक भए पनि चुनावको ठिक अघि कुरा फेरेको दावी समाजवादीको छ । राष्ट्रिय सभा उपाध्यक्ष एमालेकी विमला घिमिरे निर्वाचित भइसकेकी छन् । एमालेका एक पदाधिकारीले सत्ता गठबन्धनलाई कमजोर पार्न सुदूरपश्चिम प्रदेश निर्माणबाट सुरु भएको बताए । अब यो विवाद संघीय सरकारसम्म पुग्ने देखिएको छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# डिजिटल मिडियामा व्यक्तिको खुबी



• मोहन नेपाली

समाजशास्त्रमा प्रयुक्त 'इन्डिभिजुयल एजेन्सी' भनिने प्राज्ञिक पदावलीले व्यक्तिको खुबीलाई इङ्गित गर्छ । त्यो जीवन सञ्चालनका क्रममा व्यक्तिले गर्ने विविध क्रियाकलापमा निर्णय लिने क्षमताका रूपमा प्रकट हुन्छ । शिक्षा हासिल गर्दा, राजनीतिक धार पक्रँदा, पेसा वा व्यवसाय अङ्गाल्दा, स्वास्थ्यसम्बन्धी व्यवहार गर्दा, वा पारिवारिक व्यवस्थापन गर्दा व्यक्तिले आफ्नो विद्यमान ज्ञान, सिप, अनुभव, विश्वास, अभिरुचि, आदिका आधारमा निर्णय लिन्छ । समाज किन पछाडि पर्छ, वा अगाडि बढ्छ भन्ने प्रश्नले त्यस समाजका मानिसको व्यक्तिगत निर्णय क्षमता कुन हदसम्म विकसित छ वा छैन भन्ने विषयसँग पनि नजिकको सम्बन्ध राख्छ । त्यसैले होला नोबेल पुरस्कार पाएका प्रसिद्ध अर्थविद् अमर्त्य सेनले व्यक्तिको खुबी वृद्धिमा जोड दिएका नागरिकको क्षमता वृद्धि गर्न राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मिडिया तथा सूचनालगायतका क्षेत्रमा पहुँच, अवसर र वातावरण निर्माणमा सेनको जोड रहेको देखिन्छ । यसै सन्दर्भमा व्यक्तिको खुबी वृद्धिमा डिजिटल मिडियाको भूमिका खोज्नु मनासिव देखिन्छ ।

समाचार पोर्टल, संस्था वा व्यक्तिको वेबसाइट, सामाजिक सञ्जाल अन्तर्गतका प्लेटफर्म, लाइब देखाउने स्ट्रिमिङ साइट, अनलाइन रेडियो तथा टेलिभिजन, ई बुक, इमेल आदि डिजिटल मिडियाका उदाहरण हुन् । त्यस्तै डिजिटल रूपमै उत्पादन, सञ्चय, वितरण वा प्रसारण गरिने पाठ्यवस्तु, तस्बिर, श्रव्यदृश्य सामग्री पनि डिजिटल मिडियाकै रूप हुन् । परम्परागत मिडियाको तुलनामा डिजिटल मिडियाको प्रयोग दोस्रो र तेस्रो पुस्ताले बढी गरिरहेको छ । त्यसैले यस सम्बन्धमा पर्याप्त अन्वेषण, अध्ययन अनुसन्धान र मार्गदर्शनमा समेत लगानी आवश्यक छ ।

डिजिटल मिडिया उच्च प्राथमिकतामा राखेर संसदीय विमर्श, प्राज्ञिक अध्ययन एवं विश्लेषण र नीतिनिर्माण गर्नु वर्तमान लोकतान्त्रिक युगको जल्दोबल्दो विषय हो । नेपालमा स्थानीय तहले पनि आआफ्नो आधिकारिक वेबसाइट सञ्चालन गर्न थालेका छन् । आफ्ना आधिकारिक वेबसाइट नभएका मुलुक पनि संसारमा होलान् र ? नेपाल सरकारका पनि वेबसाइटहरू छन्, जसबाट कतिपय महत्वपूर्ण सूचना प्राप्त गर्न सकिन्छ, भलै सुधार्नु पर्ने धेरै छन् । यस प्रकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पनि डिजिटल मिडियामार्फत सम्बन्ध अगाडि बढिरहेको विषय नौलो रहेन । यसबाट विश्वमा डिजिटलीयकरण तीव्र गतिमा बढ्दै छ भन्ने बुझिन्छ ।

युएन अन्तर्गतको इन्टरनेसनल टेलिकम्युनिकेसन युनियनको सन् २०२३ को रिपोर्ट अनुसार विश्वको आठ अर्ब जनसंख्यामध्ये करिब ३३ प्रतिशत मानिस अझै इन्टरनेटसँग जोडिएका छैनन् । इन्टर नेटसँग गाँसिनु र डिजिटल मिडियामा पहुँच राख्नु तात्त्विक रूपमै फरक कुरा हुन् । यद्यपि इन्टरनेटको उपलब्धतासँगै डिजिटल मिडियामा जनताको पहुँच बढ्ने सम्भावना बढेर जान्छ । पछिल्लो समयमा डिजिटल मिडियामा मनोरञ्जन उद्योगले व्यापकता पाइरहेको छ । डिजिटल मिडियालाई मनोरञ्जनसँग गाँसेर बुझ्ने प्रवृत्ति प्रबल देखिन्छ । अन्तरव्यक्ति सञ्चार, समूह सञ्चार, सङ्गठनात्मक सञ्चार र आमसञ्चार क्षेत्रले पनि परम्परागत ढाँचाबाट डिजिटलतर्फ फड्को मारिरहेका छन् । समाजको मूल सञ्चार प्रणाली नै डिजिटल माध्यमतिरै स्थानान्तरण हुने स्थिति बनेको सन्दर्भमा डिजिटल मिडियाको बहुआयामिक प्रयोग र प्रभावबारे बेवास्ता गर्न सकिन्न । समाजको मानसिक, नैतिक तथा भौतिक विकासका निम्ति कसरी प्रयोग गर्ने भन्नेतर्फ अबको चिन्तन मोडिनु पर्छ ।

व्यक्तिको खुबी (इन्डिभिजुअल एजेन्सी) नागरिकको बहुआयामिक विकाससँग गाँसिएको विषय हो । नागरिकको बहुआयामिक विकासको महत्वपूर्ण पुँजी र माध्यम डिजिटल प्रविधि पनि हो । नेपाल पनि 'डिजिटल नेपाल फ्रेमवर्क' कार्यक्रम लिएर अगाडि बढिरहेको छ । सरकारले सूचना प्रविधिमा प्रत्यक्ष विदेशी लगानी पनि आह्वान गरेको छ । हुन पनि आजको डिजिटल युगमा डिजिटल प्रविधिमै पछाडि पर्ने हो भने धरै कुरामा पछाडि परिन्छ । देशको समग्र क्षेत्रमा डिजिटल प्रविधिको उपस्थिति आवश्यक महसुस हुन थालिसकेपछि स्वतः स्पष्ट हुन्छ कि अब डिजिटल मिडियाको क्षेत्रमा प्रतिस्पर्धात्मक गतिमा अगाडि बढ्नुको विकल्प छैन ।

यस सिलसिलामा गृहकार्य स्वरूप शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता आधारभूत क्षेत्रमा सबै नेपालीको पहुँच सुनिश्चित गर्दै डिजिटल प्रविधि र मिडियामा पनि नेपालीको गतिशील सहभागिता अधिकाधिक बढाउन अग्रणी नीति चाहिन्छ ।

सबै नागरिकको व्यक्तिगत गुण र खुबीलाई एकै ठाउँमा जोड्दा समग्रमा जुन स्तर बन्छ त्यो नै राष्ट्रको विकासको स्तर हो । त्यसैले सेनले भने झैँ व्यक्तिको क्षमता वृद्धि नै विकासको द्योतक हो भनेर मान्न सकिन्छ । नेपालको सन्दर्भमा पनि अन्यत्र जस्तै डिजिटल मिडियामा जनताको पहुँच बढ्दै छ । एक अन्तर्राष्ट्रिय तथ्याङ्क प्रदायक डाटा रिपोर्टलका अनुसार नेपालमा यसै वर्षको जनवरीसम्ममा करिब एक करोड ५४ लाख इन्टरनेट प्रयोगकर्ता रहेको देखिन्छ । यो जनसंख्याको ४९.६ प्रतिशत हुन आउँछ । नेपालमा इन्टरनेट चलाउन सक्रिय उमेर समूह १३ देखि ५४ वर्षसम्मको जनसंख्या ६२.६ प्रतिशत रहेको सन्दर्भमा डिजिटल मिडियामा रहन जाने पहुँच र प्रयोगकर्ताको क्षमतावृद्धिबिच गहिरो अन्तरसम्बन्ध रहने कुरा निर्विवाद छ ।

डिजिटल मिडियाको उपयोगितालाई गाँसेर कोभिड-१९ महामारीकै प्रसङ्ग पनि स्मरण गर्न सकिन्छ । अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोलका अनुसार सन् १९१८-१९१९ को दौरानमा फैलिएको स्पेनिस फ्लु विश्वभरि करिब ५८ करोड मानिसमा सङ्क्रमण हुँदा मर्नेको संख्या करिब पाँच करोड पुगेको थियो । यता सन् २०२० मा फैलिएर महामारीको रूप लिएको कोभिड-१९ का कारण संसारभरि मर्नेको संख्या करिब ७० लाख पुग्यो । मर्नेको संख्यामा ठुलो अन्तर देखिए पनि दुवै महामारी अवश्य दुःखद थिए । आजभन्दा १०६ वर्षअघि अर्थात प्रथम विश्व युद्धको अन्त्यतिर फैलिएको स्पेनिस फ्लुको महामारी सम्बन्धमा त्यतिखेरको सञ्चार प्रक्रिया तथा सूचना सम्प्रेषण कस्तो थियो होला ? सन् १९२० को दशकमा बल्ल रेडियो प्रसारण अमेरिका र युरोपका सीमित क्षेत्रमा सुरु भएको हो । बिबिसीले सन् १९२२ मा रेडियो प्रसारण सुरु गरेको थियो । यसबाट बुझ्न सकिन्छ कि त्यतिखेर सञ्चार तथा सूचना प्रणाली छापा र अन्य परम्परागत माध्यममा निर्भर थियो तर २१ औँ शताब्दीको डिजिटल सञ्चार तथा सूचना प्रणालीले कोभिड-१९ को महामारीबाट मानिस बचाउन विशेष भूमिका खेलेको स्विकार्न हिच्किचाउनै पर्दैन ।

सन् १९१८ को महामारीबाट त्यतिखेरको विश्व जनसंख्या एक अर्ब ८० करोडको २७.८ प्रतिशत सङ्क्रमित भएको थियो भने कोभिड-१९ बाट अहिलेको विश्व जनसंख्या आठ अर्बको ०.०८७ प्रतिशतमा सङ्क्रमण पुष्टि भएको छ । यसले विविध सूचांक इङ्गित गर्न सक्ला सङ्क्रमणबाट त बाँच्न त पूर्वसजगता नै पहिलो कुरा भएकोले सोको लागि सूचना अकाट्य आवश्यकता हो । छिटोछरितो र हात हातमा, घर घरमा सूचना प्रवाहित गरेर विश्व जनसंख्याको यथाशक्य ठुलो हिस्सालाई कोभिड-१९ को सङ्क्रमणबाट जोगाउन डिजिटल मिडियाको उल्लेख्य भूमिका छ ।

सूचना नै शक्ति हो भन्ने उक्तिमा तुक छ । जुन समाज सूचनाको मामलामा अग्रणी छ, त्यसैको बढी विकास हुन्छ । मानिससँग विविध अनुभव, कल्पना, चिन्तन र खोजबाट प्राप्त आविष्कार हुन्छन् । तिनलाई डिजिटल मिडियाले संसारभरि द्रुतर गतिमा प्रवाहित गर्न सक्छन् । भौगोलिक एवं समयको सीमा तथा अवरोधमाथि विजय गरी संसारका कुना कुनाका मानिसलाई आपसमा गाँस्ने डिजिटल मिडियाले आफैँमा क्रान्ति गरेको छ । सामाजिक सञ्जालदेखि अनलाइन समाचार पोर्टलसम्म डिजिटल मिडिया हाम्रो जीवनमा अन्तर्घुलित भएको छ । यसबाट हाम्रा दृष्टिकोण, व्यवहार र निर्णय प्रक्रियासमेत प्रभावित भएका छन् । विकास र स्वावलम्बनतर्फ अगाडि बढ्ने नेपाली चाहना छ । नेपालीको व्यक्तिगत खुबी वृद्धि गर्नु यसका निम्ति आवश्यक छ ।

नागरिकको व्यक्तिगत खुबी त्यत्तिकै बढ्दैन । अहिलेको सन्दर्भमा एउटा सशक्त औजार डिजिटल मिडिया नै हो । बग्रेल्ती सूचना प्रवाह, सञ्चारको सहजीकरण र अभिव्यक्तिलाई सशक्तीकरण गर्ने क्षमता डिजिटल मिडियाको एक प्रमुख विशेषता हो । यस कारण, व्यक्तिको क्षमता वृद्धि गर्ने उत्प्रेरक तत्व डिजिटल मिडिया हो । सुसूचित रहने, शिक्षित हुने, सिप सिक्ने, अनुभव साटासाट गर्ने, सन्तुलन र भ्रातृत्वको अभ्यास गर्ने तथा मानव समाजको विविधतासँग परिचित बन्ने आदि अवसर डिजिटल मिडियाले दिन्छ । तिनको उचित प्रयोगले नागरिकको व्यक्तिगत खुबी बढ्छ, जुन राष्ट्रको विकासको एकाइ हो ।

राज्यले विद्यालय तहदेखि नै डिजिटल मिडियासम्बन्धी साक्षरता प्रदान गर्ने शैक्षिक नीति लागु गर्नु पर्छ । सरकारले गर्न लागेको लगानी सम्मेलनमा नेपालको नयाँ पुस्ताको व्यक्तिगत खुबी वृद्धि गर्ने प्रकृतिका डिजिटल प्रविधिमा पनि पहल गर्नु पर्छ । त्यस्तै विचाराधीन ई कमर्ससम्बन्धी विधेयकलाई नेपाली युवाको डिजिटल प्रविधिसम्बन्धी उद्यमशीलतालाई ह्वात्तै बढाउने ठोस उद्देश्यसहित परिमार्जन गर्नु वाञ्छनीय छ ।

# बजेटले सम्बोधन गर्नैपर्ने क्षेत्र



कृष्णमणि पराजुली

आर्थिक वर्ष समाप्त हुँदै गर्दा सामान्य मानिस, उद्योगी, व्यापारी सबैमा नयाँ बजेट कस्तो आउँछ भन्ने चासो बढेको हुन्छ । प्रत्येक आर्थिक वर्षको ज्येष्ठ १५ गते आगामी आर्थिक वर्षको बजेट पेस गर्ने संवैधानिक व्यवस्था भएकोले अहिले बजेट तयारीको कामकारबाही चलिरहेको छ । अब आउने आर्थिक वर्ष २०८१/८२ को बजेट यस कारणले महत्वपूर्ण छ कि केही समयअघि मात्र नयाँ अर्थमन्त्रीले पद बहाली गर्नुभएको छ । उहाँले कस्तो बजेट ल्याउनु हुन्छ भन्नेबारे धेरैमा उत्सुकता छ ।

यतिखेर देशको अर्थतन्त्रका अधिकांश सूचक नकारात्मक देखिन्छन् । आयात निर्यात दुवै घट्दै गएको छ । आयातमा आधारित राजस्व भएकोले सरकारले प्राप्त गर्ने आम्दानी न्यून देखिन्छ । आयातलाई खुकुलो गरिँदा राजस्वमा सकारात्मक प्रभाव आउने भए पनि आन्तरिक उत्पादन र विदेशी मुद्रा सञ्चितिमा प्रतिकूलता हुने भएकोले सरकारले आयातमा केही कसिलो नीति लिएको कारणले भन्सारबाट हुने आम्दानीमा कमी देखिन्छ । सबल अर्थतन्त्रका लागि आयातमा नियन्त्रण गरिनु पर्छ ।

कुल गार्हस्थ उत्पादन ५४ खर्बभन्दा बढी हुन सकेको छैन । यो भनेको आन्तरिक उत्पादनमा वृद्धि ल्याउन नसकिएको अवस्था हो । चालु तथा सोधनान्तर खाता बचतमा र विप्रेषण सकारात्मक हुँदैमा अर्थतन्त्र चलायमान हुने होइन । किनभने अर्थतन्त्रका अन्य अवयवहरूमा सुधार हुन सकेको छैनन् । छ खर्ब ९३ अर्ब व्यापार घाटा छ भने सात खर्ब ६८ अर्बको आयात गर्दा निर्यात भने करिब ७५ अर्ब मात्र छ । यो आँकडाले हाम्रो अर्थतन्त्र निकै कमजोर भएको देखाउँछ ।

अर्थतन्त्र चलायमान बनाउन पुँजीगत खर्च बढाउनै पर्छ । किनभने पुँजीगत खर्चले अतिरिक्त आम्दानी गरेको हुन्छ । अहिले करिब आठ महिना सकिँदा पनि ३० प्रतिशतभन्दा बढी खर्च हुन सकेको छैन र बाँकी अवधिमा ७० प्रतिशत खर्च हुने कुरामा विश्वास गर्न सकिँदैन । अहिले अर्थतन्त्र कमजोर हुँदै जानुमा आन्तरिक अर्थतन्त्र लयमा आउन नसक्नु र अन्तर्राष्ट्रिय स्तरमा भएको मूल्यवृद्धि कारक तत्वको रूपमा रहेको छ ।

आगामी आर्थिक वर्षमा पुँजीगत बजेट पूरै खर्च हुने गरी बजेटमा प्रावधान राखिनु पर्छ । जिम्मेवारी पूरा गर्न नसक्ने अधिकारीलाई दण्ड र जिम्मेवारी पूरा गर्ने कर्मचारीलाई उत्प्रेरणा दिने गरी संयन्त्रको विकास गरिनु पर्छ । आदेश र निर्देशनले मात्र विकास खर्च बढ्ने होइन । यसका लागि अहिले देखिएका कमीकमजोरीलाई केलाएर तदनुरूपको कार्यान्वयन रणनीति अवलम्बन गर्नु पर्छ ।

अर्थतन्त्रलाई कमजोर बनाउने अर्को पक्ष भनेको चालुगत खर्च बढ्दै जानु हो । सरकारी संरचना, अनुत्पादक र फजुल खर्चलाई नियन्त्रण गर्नु पर्छ । पुँजीगत खर्च बढाउन र अनावश्यक चालुगत खर्च नियन्त्रण गर्ने सम्बन्धमा कठोर नीति लिनु पर्छ । अहिले देशको अर्थतन्त्रमा एउटा मात्र समस्या छैन । बहुआयामिक समस्या भएकाले तिनीहरूको निराकरण गर्न त्यति सहज देखिँदैन किनभने सरकारले प्राप्त गर्ने राजस्व निरन्तर घट्दो क्रममा छ । अनुदान ज्यादै न्यून आउने गरेको छ भने सार्वजनिक ऋण एकदम बढेर गएको छ । अर्कोतर्फ जे जति बजेट छ त्यो पनि खर्च हुन सकिरहेको छैन ।

अर्थतन्त्रको मुहान भनेको नै बजेट तर्जुमा हो तर मुहानमा नै कमीकमजोरी हुने भएकोले जहिले पनि बजेट कार्यान्वयनमा समस्या आउने गरेको देखिन्छ । बजेट निर्माण प्रक्रिया एक प्रविधिजन्य विषय भए पनि हचुवाको आधारमा निर्माण गरिने एक प्रकारको प्रणालीको विकास भएको छ । नयाँ अर्थमन्त्रीले यसमा सुधार ल्याउनु पर्छ । वस्तुनिष्ठ आधार र आवश्यकताको पहिचानको आधारमा बजेट निर्माण गर्नु पर्छ । पहुँच, दबाब र शक्तिको आधारमा बजेट निर्माण गरिने परम्पराको अन्त्य गरिनु पर्छ । वित्तीय साधनस्रोतको सकस हुँदाहुँदै पनि कुनै पनि कार्यक्रममा बजेट विनियोजन गर्दा पछि कार्यान्वयनको अवस्थामा समस्या आउने गरेका देखिन्छ । पैसा प्राप्त हुने यकिन भएपछि मात्र बजेट विनियोजन गरिनु पर्छ । सङ्घ तथा प्रदेशमा टुक्रे कार्यक्रम राख्ने जुन परम्परा छ त्यसलाई निरुत्साहित गर्नु पर्छ ।

अर्थतन्त्रमा सधैँ देखापर्ने समस्या भनेको बजेट कार्यान्वयन हो । चालुगत बजेट धेरै विनियोजन गर्ने र त्यो पूरै खर्च हुने परम्परा छ । यसमा नयाँ बजेटमा सुधार गरिनु पर्छ । चालुगत बजेटमा न्यूनीकरण गर्न सकिन्छ । कार्यालय सञ्चालन, इन्धन, दैनिक भ्रमण भत्ता, भोजभतेर, बैठक, चियापान, सेमिनार, गोष्ठी जस्ता खर्चमा नियन्त्रण गर्न नसकिने होइन ।

साधारण खर्चमा नियन्त्रण गरेर पुँजीगत खर्चमा वृद्धि गर्नु पर्छ । पुँजीगत खर्च वृद्धि नगर्ने हो भने विकास निर्माणका कार्य एवं सेवा सुविधा नागरिकलाई उपलब्ध गराउन सकिँदैन । त्यस कारण निर्ममतापूर्वक चालुगत खर्चमा कटौती र पुँजीगत खर्चमा आक्रामक रूपले वृद्धि गर्न सक्नु पर्छ । यो बजेट कार्यान्वयमा आउने समस्या भनेका कर्मचारी, जग्गा प्राप्ति, रुख कटान, खरिद प्रक्रिया, सोध भर्ना, बजेटको उपलब्धता, विभिन्न निकायबिच समन्वय आदि कुरामा सुधार ल्याउन ध्यान दिनु पर्छ ।

खर्च बढाउने भन्दैमा लापर्बाही गर्नु हुँदैन । अहिले सरकारी बजेट खर्च गर्दा कानुनको उल्लंघन हुने गरी गर्ने प्रवृत्तिको विकास भएको छ, जसको कारण बेरुजु बढ्दै गएको छ । आर्थिक अनियमितता बढ्दै गएको सन्दर्भमा महालेखा परीक्षक र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक वर्ष पेस गर्ने प्रतिवेदन अध्ययन गर्दा पनि थाहा हुन्छ । त्यसैले आर्थिक अनुशासन कायम हुने गरी पुँजीगत खर्च बढाउन अर्थमन्त्रीले आवश्यक संयन्त्रको विकास गर्नु पर्छ ।

नेपालले घाटा बजेट अवलम्बन गरेको लामो अवधि भइसके पनि अझैसम्म यसको अन्त्य हुन सकेको छैन । वित्तीय साधनस्रोतको अभाव पूर्ति गर्नका लागि पनि घाटा बजेट आवश्यक हुन्छ र घाटा बजेट सधैँ बेफाइदा हुन्छ भन्न पनि सकिँदैन । घाटा बजेट भन्नाले आम्दानीभन्दा खर्च बढी देखिनु हो । जति नै बढी खर्च देखाइन्छ, त्यति रकम उत्पादनमूलक क्षेत्रमा लगानी गरेर अतिरिक्त आम्दानी गर्न सकियो भने अर्थतन्त्रका लागि यो घाटा बजेट एक राम्रो विकल्प हुन सक्छ । मुख्य समस्या भनेको उत्पादनमूलक क्षेत्रमा लगानी हुन सक्छ कि सक्दैन भन्ने नै हो ।

देशको कुल सार्वजनिक ऋण २४ खर्ब पुगिसकेको छ । अहिले आन्तरिक र बाह्य ऋण बराबरीको अवस्थामा देखिन्छन् । ऋण लिएर उत्पादनशील कार्यमा लगाउनु राम्रो हुन्छ र यसबाट राष्ट्रलाई कुनै बेफाइदा हुँदैन । यदि ऋणको रकम सामाजिक सुरक्षा जस्ता वितरणमुखी कार्यक्रममा लगाइन्छ भने यसले अर्थतन्त्रलाई असर गर्ने हो । कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतसम्म ऋण उठाउन सकिने मान्यता भए पनि जिडिपीको ३० प्रतिशतभन्दा बढी ऋण नउठाउनुलाई आर्थिक दृष्टिकोणले राम्रो मानिन्छ । अर्थतन्त्रलाई सुरक्षित दिशातर्फ लैजान अर्थमन्त्रीले ऋणलाई सीमाभित्र राख्नु पर्छ । साथै, अहिले अर्थतन्त्र खस्कँदै जानुमा सरकारले लिनुपर्ने उपयुक्त नीतिगत सुधार नल्याएको र अनावश्यक रूपमा नियमन र नियन्त्रण गर्नाले पनि निजी क्षेत्र हतोत्साहित भएको देखिन्छ । त्यस कारण नयाँ बजेटमा यस्ता कुरामा सुधार गर्नु पर्छ ।

अर्थतन्त्रको जग भनेको आन्तरिक उत्पादन वृद्धि गरेर निर्यात बढाउनु हो तर अहिले अर्थतन्त्रको मेरुदण्ड भनेको विप्रेषण र आयात हुन गएको छ । विप्रेषणले विदेशी मुद्रा सञ्चिति बढ्ने भए पनि यसलाई राम्रो मानिँदैन । आफ्नो देशको ऊर्जाशील श्रमशक्तिलाई निर्यात गरेर मुलुक धनी हुन सक्दैन । देश धनी हुन त आन्तरिक उत्पादनमा वृद्धि गरेर निर्यात बढाउनु पर्छ । अहिलेको अवस्थामा विप्रेषणको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिएको छैन भने बढ्दो श्रमशक्ति निर्यात भइरहँदा चिन्ता लिनु पर्ने अवस्था देखिएको छ ।

अर्थतन्त्रमा चोतर्फी समस्या छ । आत्मनिर्भर अर्थतन्त्रका लागि आन्तरिक उत्पादनमा वृद्धि गरेर राजस्व बढाउनु पर्छ तर राजस्वको अवस्था भने निकै कमजोर भएको हुनाले बजेट घाटा बढ्दै गएको छ । करका दर बढाउनुभन्दा करको दायरा फराकिलो बनाउनु पर्छ । सार्वजनिक ऋण बढ्दै गएको हुनाले पुँजीगत बजेटभन्दा पनि वित्तीय व्यवस्थापनमा बढी बजेट व्यवस्थापन गर्नु परेको अवस्थालाई राम्रो मान्न सकिँदैन ।

कुल अर्थतन्त्रको संरचनामा निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी छ । अहिले यही क्षेत्र धराशायी भएको छ । बैङ्क तथा वित्तीय संस्थामा लगानीयोग्य रकम थुप्रिएको छ । कर्जा प्रवाह हुन सकेको छैन । बजारमा एक प्रकारको मन्दीको अवस्था छ । माग सिर्जना नभएको अवस्थामा अर्थतन्त्र चलायमान हुन सक्दैन । नयाँ बजेटले आन्तरिक उत्पादनमा वृद्धि गरेर अर्थतन्त्र चलायमान हुने गरी नयाँ कार्यक्रम ल्याउनु पर्छ ।

मन्दीको अवस्थाले अर्थतन्त्र चलायमान हुन सकेको छैन । देशमा आर्थिक गतिविधि चलायमान बनाउनका लागि एकै ठाउँमा थुप्रिएको सम्पत्तिलाई प्रवाह गर्नुपर्ने हुन्छ । अहिले खास गरेर घर जग्गा र सेयर बजारमा

❖ बाँकी तेस्रो पृष्ठमा

# महाकुम्भ मेलामा ४ जना भक्तालु बेहोस भएर ढले



झापा(प्रस)। सुनसरीको बराहक्षेत्रमा लागेको महाकुम्भ मेलामा चारजना भक्तालु बेहोस भएर ढलेका छन् । बराहक्षेत्र नगरपालिका १ स्थित पिण्डेश्वर पूर्ण महाकुम्भ मेला परिसरमा अत्यधिक गर्मीका कारण बेहोस भएका ४ जनाको सशस्त्र प्रहरीले तत्कालै उद्धार गरी अस्पताल पठाएको छ । सशस्त्र प्रहरी निरीक्षक टेकबहादुर कट्वालको टोलीले उद्दार गरी महाकुम्भ स्थलमा रहेको एपीएफ स्वास्थ्य शिबिरमा प्राथमिक उपचार गराएको जनाइएको छ ।

गत चैत २७ बाट शुरु भई बैशाख २८ गतेसम्म १ महिनासम्म संचालन हुने महाकुम्भ मेलामा सशस्त्र प्रहरी बल नेपालले निःशुल्क स्वास्थ्य शिबिरसहित बिपद उद्धार टिम परिचालन गरेको छ । सशस्त्रको चिकित्सकसहितको हेल्थ क्याम्प महिनाभरिको लागि चतरामा खटिएको हो ।

त्यस्तै सशस्त्र प्रहरीले गोताखोरसहितको रेस्क्यु टिम चतरा र बराहक्षेत्रमा खटाएको छ ।र्याफ्टिङ वोटबाट सप्तकोशीमा रिभर पट्रोल गरिरहेको छ।

---

**बजेटले...**

ठुलो रकम अचल अवस्थामा छन् । यसलाई चलाउन सकियो भने लगानीका अन्य क्षेत्र पनि खुल्न सक्छन् । सहकारीमा सामान्य नागरिकको ठुलो रकम जोखिममा परेको छ र यसलाई सुधार नगरी नहुने अवस्था छ । बजेटले यी क्षेत्रमा सुधार आउने गरी सम्बोधन गर्नै पर्छ ।

कृषिप्रधान देश भए पनि कृषिलाई व्यवसायमूलक बनाउन सकिएको छैन । अझै पनि कृषि जीवन निर्वाहमुखी नै छ । कुल अर्थसंरचनामा २३ प्रतिशत योगदान रहेको क्षेत्रलाई उपेक्षा गरेर अर्थतन्त्रमा सुधार आउन सक्दैन । अहिले पर्यटन क्षेत्र आसलाग्दो हुँदै गएको छ भने जलस्रोत क्षेत्रबाट पनि अर्थतन्त्रलाई टेवा पुग्ने अवस्था बन्दै गएको छ । अतः यी क्षेत्रमा आगामी बजेटले सम्बोधन गर्न सक्यो भने निश्चय नै शिथिल बन्दै गएको अर्थतन्त्र चलायमान हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

# ४४ बिपन्न परिवारलाई निःशुल्क झुल

झापा(प्रस) । सहयोगी मनहरु नेपालले झापा र मोरङका विभिन्न ठाउँका बिपन्न परिवारलाई आइतबार झुल बितरण गरेको छ । अपाङ्ग-असहाय, अनाथ, दृष्टिबिहीन तथा उपचार अभावमा रहेकाहरुलाई आर्थिक तथा परोपकारीको रुपमा सहयोग पुर्याउदै आएको संस्थाले एकैदिन ४४ परिवारलाई झुल बितरण गरेको हो ।

संस्थाका सदस्यबाट स्वेच्छिक रुपमा संकलन गरिएको आर्थिक सहयोगले बिपन्न सहयोग कार्यक्रमअन्तर्गत निःशुल्क झुल बितरण गर्न सुरु गरिएको संस्थाका सचिब बिष्णु उप्रेतीले जानकारी दिए । गर्मी मौसममा लामखुट्टेको टोकाइबाट डेङ्गुका बिरामी बढेसँगै त्यसबाट बच्न संस्थाले एकै दिन छुट्टाछुट्टै ठाउँमा बिपन्न परिवारलाई झुल बितरण गरेको जनाएको छ । झापाको मेचीनगर-९ खुट्टीडाँगीस्थित सत्यनारायण मन्दिर परिसरमा स्थानीय अति बिपन्न ३० परिवालाई झुल वितरण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि मेचीनगर-९ का वडाध्यक्ष कञ्चन तामाङ र प्राकृतिक द्वन्द्व रुपान्तरण केन्द्रका संयोजक संगीता थापा तथा संस्थाकी सदस्य प्रतीक्षा पराजुलीले संयुक्त रुपमा बिपन्नलाई झुल बितरण गरेका थिए ।

संस्थाका उपाध्यक्ष सुमनराज रिमालको



अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन संस्थाका सचिव विष्णु उप्रेतीले गरेका थिए । कार्यक्रममा स्थानीय समाजसेवी युवराज कटुवाललगायतको सहभागिता रहेको थियो ।

त्यसैगरी मोरङ जिल्लाको पथरी शनिश्चरेमा १४ परिवारलाई २० थान झुल बितरण गरेको छ । कार्यक्रमकी प्रमुख अतिथि वडा प्रतिनिधि अम्बिका लिम्बूले बिपन्न परिवारलाई झुल बितरण गरेकी थिइन् । भीमप्रसाद आचार्यको अध्यक्षतामा सम्पन्न झुल बितरण कार्यक्रमलाई खेम ढुङ्गेल, नेत्रप्रसाद घिमिरे अनिता श्रेष्ठले सहजीकरण गरेका थिए । सविन रिमालले औचित्यमाथि प्रकाश कार्यक्रमको संचालन दिपेश खनालले गरेका थिए ।

कोभिड-१९ र त्यसपछि विभिन्न समस्यामा परेका समुदाय र परिवारलाई सहयोग पुर्याउदै आएको संस्थाले २०७६ सालमा संस्थापन प्रक्रिया पूरा गरिसकेको सचिब उप्रेतीको भनाई छ ।

# भारतले दियो ६६ स्कुल बस र ३५ एम्बुलेन्स उपहार

झापा(प्रस)।भारत सरकारले नेपालका विभिन्न जिल्लालाई ३५ वटा एम्बुलेन्स र ६६ वटा स्कुल बस उपहारस्वरूप प्रदान गरेको छ । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले अर्थमन्त्री वर्षमान पुनको उपस्थितिमा उक्त एम्बुलेन्स तथा स्कुल बसका चाबी हस्तान्तरण गरेका हुन् ।



भारतीय राजदूतावासले आइतबार नेपालका विभिन्न जिल्लाका स्वास्थ्य र शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थालाई एम्बुलेन्स र स्कुल बस उपहारस्वरूप प्रदान गरेको हो । हस्तान्तरण गरिएका कुल १०१ सवारीसाधनमध्ये दुई वटा एम्बुलेन्स दूतावासका प्रतिनिधिले भूकम्प प्रभावित जाजरकोट र रुकुम (पश्चिम) जिल्लामै पुगेर हस्तान्तरण गरेका थिए ।

भारत सरकारले तीन दशकदेखि भारतको स्वतन्त्रता दिवस र गणतन्त्र दिवसका अवसरमा नेपालका विभिन्न लाभग्राही संस्थाहरूलाई एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरूप प्रदान गर्दै आएको छ । सन् १९९४ यता भारत सरकारले हालसम्म नेपालभर १ हजार ९ वटा एम्बुलेन्स र ३ सय वटा स्कुल बस उपहारस्वरूप उपलब्ध गराइसकेको विज्ञप्तिमा उल्लेख छ ।

# यूएईमा साहसी नेपाली चेलीलाई सम्मान

झापा(प्रस) । मध्यपूर्वको पहिलो महिला डबल-डेकर (दुई तले) बस चालक शान्ति भण्डारीलाई राष्ट्रिय लोक सांस्कृतिक संघद्वारा सम्मान गरिएको छ । यूएईको आब्रा बरदुबईको ब्लु प्यालेस होटलमा आयोजित नयाँ वर्षको शुभकामना आदानप्रदान तथा सांस्कृतिक साँझ कार्यक्रमका अवसरमा उनलाई दोसल्ला ओढाई सम्मान गरिएको हो ।



कार्यक्रमका प्रमुख अतिथि नेपाली समाजका संस्थापक उपाध्यक्ष एवं विगत चार दशकदेखि यूएईमा रहेका समाजसेवी चन्द्रप्रसाद सापकोटाको हातबाट सम्मानपत्र हस्तान्तरण गरिएको थियो । त्यसैगरी, नेपाली समाज यूएईका अध्यक्ष वेदप्रसाद अर्याल, दोलखाली समाजका अध्यक्ष सुनिलराज श्रेष्ठ, नुवाकोट सेवा समाज यूएईका अध्यक्ष नवीन कार्कीलगायतले दोसल्ला ओढाएका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि चन्द्रप्रसाद सापकोटाले यूएईमा रहेर साहसिक काम गर्दै आफूलाई अग्रस्थानमा ल्याउन सफल तथा निरन्तर कोसिस गर्दा एकदिन अवश्य सफल होइन्छ भन्ने कुरा स्थापित गर्न सफल नेपाली साहसिक चेलीलाई सम्मान गर्न पाउँदा खुसी लागेको बताए । कार्यक्रममा बोल्दै दोलखाली समाजका अध्यक्ष सुनिलराज श्रेष्ठले विदेशी भूमिमा रहेर अनेकौं बाधा अड्चनलाई पार गर्दै चाहना भए के सम्भव हुँदैन भन्ने कुराको ज्वलन्त उदाहरण बन्दै हजारौं नेपाली महिलाको प्रेरणाको स्रोत बनी नेपाली महिलालाई सक्षम बन्नका निम्ति दिएको योगदान उदाहरणीय रहेको उल्लेख गर्दै उनलाई सम्मान गर्न पाउँदा गर्व महसुस गरेको बताए ।

# माईजोगमाईको विद्यालयमा जडान भयो ई-हाजिरी

इलाम(प्रस) । इलामको माईजोगमाई गाउँपालिकाले पालिकालाई पूर्ण रूपमा प्रविधिमैत्री बनाउन थप कामहरू गरिरहेको छ । गाउँपालिकाले केही दिनदेखि पालिकाभित्र रहेका माध्यमिक विद्यालयहरूमा बिद्युतीय हाजिरी जडान कार्य गरेको हो । साथै स्वास्थ्य संस्थाहरूमा अनलाईन बिलिङ प्रणाली संचालनमा



ल्याइएको छ भने ल्याव , फार्मेसी तथा बिमाको काममा समेत लाइभ एप जडान भएको छ । पालिकाले ईलाम जिल्लामा नै पहिलो पटक यस आर्थिक बर्षको सुरूबाटै स्थानीय संचित कोष ब्यवस्थापन प्रणाली (सुत्र ) मार्फत राजश्व संकलन सुरू गरेको थियो भने पालिका र सबै स्वास्थ्य संस्थाहरू तथा वडामा बिद्युतीय हाजिरी र वडा तथा पालिकाबाट दिईने सिफारिसहरूलाई अनलाईनको माध्यमबाट दिईदै आएको सूचना प्रविधि शाखाले जनाएको छ ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,


- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३०९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।